"ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय समृद्ध टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं :-

मिति - २०७८/१२/२० गते

## सार्वजनिक सूचना

राष्ट्रिय भूमि आयोगले भूमिहिन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको ब्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय तहको भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी ३५ दिन भित्र पेश गर्न मिति २०७८/१२/१७ गते सूचना प्रकाशित गरेकोले यस नगरपालिका भित्र बसोबास गर्ने भूमिहीन दलित र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले सम्बन्धित आ-आफ्नो वडा कार्यालयमा गई आयोगले निर्दिष्ट गरेको ढाँचामा निवेदन फाराम भरी आवश्यक कागजातहरु संलग्न गरी मिति २०७९ बैशाख १५ गते भित्र बुझाइ सक्नुहुन अनुरोध गरिन्छ ।

अनिल प्रसाद जोशी
अधिकृत सातौं

### आवश्यक कागजातहरु

### *भूमिहीन दलित/भूमिहीन सुकुम्बासी फाराम भरी पेश गर्नुपर्ने आवश्यक कागजातहरु*

१. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपी
३. उपलब्ध अन्य प्रमाणहरु

### *अव्यवस्थित बसोबासीले फाराम भरी पेश गर्नुपर्ने आवश्यक कागजातहरु*

१. माग गरेको जग्गा .... बर्ष (कम्तिमा १० बर्ष) अघिबाट आवाद कमोत भई आएको हो भनि प्रमाणित गरेको सम्बन्धित नगर कार्यपालिकाको निर्णय बमोजिमको सिफारिस ।
२. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. आफू र परिवारका सदस्यका नाममा अन्यन्त्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपी र सम्बन्धित स्थानीय तहले सम्पत्तिकर प्रयोजनका लागि निर्धारण गरेको मूल्यांकन सम्बन्धी स्थानीय तहको पत्र ।
४. उपभोगको प्रमाण सम्बन्धी कागजातको प्रतिलिपी ।
५. उपलब्ध अन्य प्रमाण ।

Email : hellotokha@gmail.com Website: www.tokhamun.gov.np